# लोक सेवा आयोग
# बुटवल कार्यालय
(परीक्षा शाखा)

बुटवल, रूपन्देही


## नेपाली सेनाको सैन्य पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना।

**सूचना नं. ७५/०८१-८२, मिति: २०८१/११/११ गते**

यस कार्यालयबाट सञ्चालन हुने नेपाली सेनाको विज्ञापन नं. ०८१/८२/०२ **(खुला तथा समावेशी), सैन्य** पदको **श्री मध्य पश्चिम पृतना हे. क्वा. योगीकुटी, बुटवलमा** सञ्चालन भएको **वियरिङ्ग, प्रि-मेडिकल तथा शारीरिक परीक्षामा** उत्तीर्ण उम्मेदवारको लिखित परीक्षा पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। **साथै उम्मेदवारको बायोमेट्रिक हाजिरी हुने भएकोले परीक्षा शुरु हुनुभन्दा कम्तिमा २ (दुई) घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नुपर्नेछ।** परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरू **द्रष्टव्यमा** उल्लेख गरिएको छ।

**परीक्षा कार्यक्रम**

| क्र.सं. | विज्ञापन नं | पद | विषय | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|---|
| १. | ०८१/८२/०२ (खुला तथा समावेशी) | सैन्य | अंग्रेजी, नेपाली, गणित र सामान्य ज्ञान | २०८१/१२/०२ गते, दिनको ११:०० बजे | २ घण्टा ३० मिनेट |

**परीक्षा भवन**

| क्र.सं. | दर्ता नं. | | परीक्षार्थी संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १. | MWF ०८ | MWF ११३३ | २५० जना | श्री बुटवल कालिका क्याम्पस, रामनगर, बुटवल (केन्द्र-"क") |
| २. | MWF ११३४ | MWF २३२८ | २४७ जना | श्री बुटवल कालिका क्याम्पस, रामनगर, बुटवल (केन्द्र-"ख") |
| ३. | MWF २३३४ | MWF ३१२८ | २०० जना | श्री बुटवल कालिका क्याम्पस, रामनगर, बुटवल (केन्द्र-"ग") |

**द्रष्टव्यः**

(क) उम्मेदवारले उत्तरपुस्तिकामा **कालो** मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्नेछ।

(ख) **वस्तुगत बहुउत्तर (Multiple Choice)** प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।

(ग) वस्तुगत वहुउत्तर प्रश्नको गलत उत्तरको **२०%** अङ्क कट्टा हुनेछ।

(घ) प्रवेश-पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराईने हुँदा प्रवेश-पत्र अनिवार्य रुपमा साथमा लिई आउनुपर्नेछ।

(ङ) परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेशपत्र सँगै आफ्नो **नागरिकताको प्रमाणपत्र** वा **नेपाल सरकारबाट जारी भएको फोटो सहितको कुनै सक्कलै परिचयपत्र** अनिवार्य रुपमा लिई आउनुपर्नेछ।

(च) परीक्षा भवनमा मोबाईल फोन, क्यालकुलेटर तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।

(छ) परीक्षा हुने दिन विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।

(ज) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ।

(झ) तोकिएको परीक्षा भवन भन्दा बाहेक अन्य परीक्षा भवनमा कुनै पनि उम्मेदवारलाई सम्मिलित गराइने छैन।

| | | |
|---|---|---|
| (पुरूषोत्तम चौधरी) | (चेतन कुमार अधिकारी) | (हर्क बहादुर रोका) |
| कम्प्युटर अपरेटर | नायब सुब्बा | शाखा अधिकृत |